# कविलासी नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : १ संख्या : ३ मिति : २०७६/०२/२३

**भाग-२**

**कविलासी नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम कविलासी नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७६ सालको कार्यविधि नं. ३

### मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७६

**प्रस्तावना** : भौतिक पूर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पूर्वाधारहरुले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात, सिंचाई को पहुँच ग्रामीण क्षेत्रसम्म पुर्याउने नगरपालिकाको लक्ष्य पनि हो । नगर क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ । तसर्थ सडक, सिंचाइ, भवन जस्ता पूर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कविलासी नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-एक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो निर्देशिकाको नाम "मर्मत सम्भार कोष संचालन निर्देशिका २०७६" रहनेछ ।

२) यो निर्देशिका तत्काल लागु हुनेछ ।

**२. परिभाषा :**

१) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७६ लाई बुझाँउने छ ।

२) "नगरपालिका" भन्नाले कविलासी नगरपालिका बुझाँउने छ ।

३) "स्थानीय तह" भन्नाले कविलासी नगरपालिकालाई बुझाँउने छ ।

४) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाँउने छ ।

५) "भुक्तानी रकम" भन्नाले निर्माण भएको सडकको भुक्तानी हुँदा नगरपालिकाको अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिता समेतको रकमलाई जनाउँछ ।

## परिच्छेद- दुई

व्यवस्थापन समिति

**३. व्यवस्थापन समिति :**

१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछ :

क) नगर प्रमुख अध्यक्ष

ख) पुर्वाधार विकास समितिको संयोजक सदस्य

ग) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ङ) नगरकार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना सदस्य महिला सहित

समितिले तोकेको २ जना सदस्य

च) पुर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

२) समितिको बैठक कम्तीमा ४ महिनामा एक पटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

३) बैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४) बैठकमा आवश्यक्ता अनुसारका व्यक्ति तथा विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिने छ ।

**४. व्यवस्थापन समितिको काम, कर्त्तव्य र अधिकार :**

व्यवस्थापन समितिको निम्नानुसार काम, कर्त्तव्य र अधिकार हुनेछ ।

१. नगरपालिकामा रहेका सडकहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने ।

२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने ।

३. मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायको खोजी गर्ने ।

४. सडक मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत्सम्बन्धी कार्य योजना बनाउने ।

५. सडक मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउने ।

६. सडक मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथ निरीक्षण गर्ने ।

## परिच्छेद-तीन

कोष स्थापना

**५. कोष स्थापना:**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ । जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

१) नेपाल सरकारबाट अनुदान रकम ।

२) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

३) नगरसभाबाट विनियोजित भएको रकम ।

४) राष्ट्रिय तथ अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

५) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमबाट कट्टा हुने रकम ।

६) ऋणबाट प्राप्त हुने रकम ।

७) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

८) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकी दिएको रकम

**६. कोष सञ्चालन :**

१) कोषको नाममा प्राप्त हुन आएको रकम कविलासी नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

२) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

३) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ ।

४) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-चार

कोषको खर्च प्रणाली

**७. कोषबाट हुने खर्च** :

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासको मर्मत सम्भारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धी कार्यमा मात्र खर्च गरिनेछ ।

१) सडक, कलभर्ट, पूल, ढल आदीको मर्मत सम्भार सम्बन्धी कार्य ।

२) सिचाई, खोनपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत सम्भार सम्बन्धी कार्य ।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

४) सार्वजनिक निकायका भौतिक संरचना एवं भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

**८. मर्मत सम्भारको लागि छनौटको मापदण्ड** :

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनी माँग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

१) सबै भन्दा बढी क्षति भकएको भौतिक संरचनाहरु

२) नगर यातायात गुरुयोजना MTMP मा परेका सडकहरु

३) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा

४) लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा

५) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आरधारमा

६) सार्वजनिक भौतिक संरचनाको दीर्घकालिन उपयोगिता र आवश्यक्ताको आधारमा

७) दुई वा दुई भन्दा बढी स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कलभर्ट, कुलो पैनी, बाँध आदी ।

**९. मर्मत सम्भार कार्य गराउने व्यवस्थाः**

नगर भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार , पटके मर्मत संभार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतमरुपमा स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजि हुनेछ ।

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/११/१० गते**

**आज्ञाले,**
**रामकुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**

**कविलासी नगरपालिकाद्वारा प्रकाशित** **मूल्य रु. ५/-**